DOI: https://doi.org/10.3126/cognition.v6i1.64479

# माधवप्रसाद घिमिरेको 'वैराग्य' कवितामा ईश्वरचिन्तन
# (Godconsciousness in Madhav Prasad Ghimire's poem 'Vairagya')

लेखनाथ खनाल[१]

*लेखसार*

*प्रस्तुत आलेखमा माधवप्रसाद घिमिरेद्वारा लिखित 'वैराग्य' कविताको दर्शनपरक अध्ययन गरिएको छ। पूर्वीय वेदान्त दर्शन प्रतिपाद्य सगुण, साकार ईश्वरसम्बन्धी मान्यतालाई विश्लेषणको आधार बनाइएको छ। यो अध्ययन 'वैराग्य' कवितामा अभिव्यञ्जित सगुण, साकार ईश्वरचिन्तनमा आधारित छ। यो अध्ययन 'वैराग्य' कवितामा ईश्वरको सगुण, साकार स्वरूपको प्रयोग केकस्तो छ र कसरी प्रयोग गरिएको छ भन्ने समस्यामा केन्द्रित छ। यस समस्या समाधानका लागि सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ। यो अध्ययनमा गुणात्मक विधिको प्रयोग गरिएको छ। घिमिरेको यो 'वैराग्य' कविता सगुण, साकार ईश्वर चिन्तनको सम्यक अभिव्यक्ति भएको कविता हो। यस कवितामा वेदान्त दर्शनले स्थापित गरेको सगुण, साकार ईश्वरसम्बन्धी दार्शनिक मान्यतालाई प्रस्तुत गरिएको छ। 'वैराग्य' शब्दले सांसारिक विषयवस्तु र वासनामय जीवनबाट मनुष्य विरक्त बनेर ईश्वर प्राप्तिमा लाग्ने अवस्थालाई सङ्केत गरेको छ। वैराग्य प्राप्त भएपछि नै मनुष्यादि जीव ईश्वरप्रति समर्पित हुने विचार कवितामा प्रस्तुत भएको छ। कवितामा सांसारिक मायामोह र विषयवासनाजस्ता कुराहरूलाई त्याग गरेर एकान्त स्थलमा गई सगुण, साकार ईश्वरको उपासना गर्नुपर्ने कुरा बताइएको छ। कविले समस्त विश्वब्रह्माण्डका अन्य कुरा क्षणिक हुन् तर ईश्वर सत्य छन् भन्ने विचार कवितामा व्यक्त गरेका छन्। यस कवितामा समस्त मनुष्यादि जीवको अन्तिम आश्रयस्थल सगुण, साकार ईश्वर राम नै रहेको विचार व्यञ्जित गरिएको छ। यस अध्ययनको अन्त्यमा माधवप्रसाद घिमिरेको 'वैराग्य' कविता वेदान्त दर्शनको सगुण, साकार ईश्वरचिन्तनका दृष्टिले उत्तम रहेको र माधवप्रसाद घिमिरे ईश्वरवादी कवि भएको निष्कर्ष निकालिएको छ। दर्शनजस्तो विषयलाई कविताको विषय बनाएर त्यसलाई शास्त्रीय लयका माध्यमबाट कलात्मक र मार्मिक ढङ्गले प्रस्तुत गर्नु लेखकको वैशिष्ट्य हो र यो नै अध्ययनको प्राप्ति पनि हो।*

**शब्दकुञ्जी** : ईश्वर, सगुण, साकार, परमात्मा, वैराग्य, आश्रयस्थल, जीव।

## १. विषयपरिचय

माधवप्रसाद घिमिरे (१९७६-२०७७) द्वारा जीवनको पूर्वार्द्ध समय (१९९४) मा लेखिएको नवमञ्जरी (१९९४) कवितासङ्ग्रहमा सङ्गृहीत 'वैराग्य' कविता कविको तरुण वयको सगुण, साकार ईश्वरसम्बन्धी

१. ईमेलः lekhnathkhanal1995@gmail.com

*Received on Sept. 14, 2023 Accepted on Dec. 1, 2023 Published on Jan. 31, 2024*

दार्शनिक चिन्तनको काव्यिक अभिव्यक्ति हो । कवि घिमिरेको सात दशक लामो कवितायात्रामा नवमञ्जरी (१९९४), चैत वैशाख (२०६०) आदि कवितासङ्ग्रह तथा साहित्यिक पत्रपत्रिकामा फुटकर कविताका साथै खण्डकाव्य र नाटकलगायतका रचना पनि प्रकाशित छन् । घिमिरे स्वच्छन्दतावादी भावधारामा रहेर परिष्कारपूर्ण कविताको सिर्जना गर्ने कवि हुन् । उनका कविताहरूमा भाव र कलापक्षको उचित सन्तुलन, संक्षिप्तताभित्र पूर्णताको अन्वेशण, प्रकृतिको सुरम्य चित्रण, पूर्वीय आध्यात्मिक चेतना, ईश्वरवादी चिन्तन, सरल र सरस भाषाशैली जस्ता विशेषता पाइन्छन् । कवि घिमिरेले यस कवितामा एक शब्दको नामपदका माध्यमबाट कविताको शीर्षकीकरण गर्दै गम्भीर सगुण, साकार ईश्वरसम्बन्धी चिन्तनको अभिव्यक्ति सफल रूपमा गरेका छन् । यस कवितामा सांसारिक मायामोह र विषयवासनाबाट मुक्त मनुष्यादि जीव नै वास्तवमा विरक्त बन्न सक्ने बताइएको छ र उसले नै एकान्तमा गई ईश्वरलाई प्राप्य विषय मानेर उपासना गर्नु पर्ने चिन्तन प्रस्तुत भएको छ । यसरी नै कवितामा वैराग्यले युक्त मनुष्यादि जीवले आफ्नो जीवनलाई सफल र सार्थक बनाउन सक्ने चिन्तन प्रस्तुत भएको छ । वेदान्त दर्शनले सगुण, साकार तथा निर्गुण निराकार ईश्वरलाई एक प्रमुख प्रतिपाद्य विषयका रूपमा स्थापन गरेको छ । यस कवितामा मनुष्यादि जीव र जगत्को परमसत्ता सगुण साकार ईश्वर सृष्टि, स्थिति र संहारकर्ता, दुःखनाशक, ज्ञानको सर्वोच्च स्रोत रहेको भाव प्रस्तुत भएको छ । वेदान्त दर्शनले स्थापन गरेको सगुण, साकार ईश्वरस्वरूपको अभिव्यञ्जना कवितामा व्यक्त छ । वेदान्त दर्शनले स्थापित गरेको सगुण, साकार ईश्वर नै जीवात्माको अन्तिम आश्रयस्थल रहेको ईश्वरचिन्तनका सैद्धान्तिक केन्द्रमा रही यहाँ कविताको अध्ययन गरी घिमिरेका कवितामा व्यक्त वैचारिक पक्षको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २ समस्याकथन

माधवप्रसाद घिमिरेद्वारा लिखित 'वैराग्य' कविता कवितात्मक सौन्दर्यको भावाभिव्यक्ति भएको कविता हो । यस कवितामा व्यक्त दार्शनिक विचार वेदान्त दर्शनको सगुण, साकार ईश्वरचिन्तनबाट महिमामण्डित देखिन्छ । यस कवितामा वेदान्त दर्शन प्रतिपाद्य सगुण, साकार ईश्वरको अभिव्यञ्जना के, कसरी प्रस्तुत हुन पुगेको छ भन्ने समस्या नै अध्ययनको मुख्य समस्या हो । यस अध्ययनमा कवितामा व्यक्त सगुण, साकार ईश्वरचिन्तनसम्बन्धी दार्शनिक समस्याका केन्द्रमा रही सगुण, साकार ईश्वरको खोजी गरी वैचारिक निष्कर्ष निकाल्ने उद्देश्य राखिएको छ ।

## ३. अनुसन्धान विधि

प्रस्तुत अनुसन्धान कार्यमा निम्ति सामग्रीहरूको स्रोत पुस्तकालय नै रहेको छ । यस अनुसन्धानमा प्राथमिक स्रोत सामग्रीका रूपमा माधवप्रसाद घिमिरेद्वारा लेखिएको विवेच्य कविता 'वैराग्य' रहेको छ भने सैद्धान्तिक स्रोतका निम्ति वेदान्त दर्शनसँग सम्बन्धित कृति तथा अनुसन्धेय विषयलाई प्रमाणित गर्नका लागि त्यससँग सम्बन्धित विद्वान्हरूका पूर्वाध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोय गरिएको छ। यी स्रोत सामग्रीहरूको सन्तुलित र मितव्ययी उपयोग गरी तिनको व्याख्या, विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। यस अध्ययनमा प्राथमिक स्रोतको 'वैराग्य' कवितामा व्यक्त ईश्वरचिन्तन निरुपण गर्न कविताको गुणात्मकपठन गर्दै निष्कर्षमा पुगिएकाले अनुसन्धानमा गुणात्मक अध्ययनविधिको उपयोग गरिएको छ ।

## ४. वेदान्त दर्शनमा ईश्वरसम्बन्धी दार्शनिक चिन्तन

वेदान्त दर्शन परम्परामा ईश्वरसम्बन्धी चिन्तन वैदिक कालदेखि नै हुँदै आएको पाइन्छ। यजुर्वेदको पुरूषसूक्तमा ईश्वरलाई हजार शिर, हजार आँखा, हजार हात, हजार खुट्टा भएका विराट् पुरूषका रूपमा प्रस्तुत गरिएको छ (३१/१) । यसैले ईश्वर परम शक्तिशाली मनुष्यादि जीवको परमसत्ता हुन् । मुण्डकोपनिषद् मा ईश्वरलाई भुवनकर्ता, सर्वविद्या , ज्ञानमय, आत्मप्राण, सत्य, सर्वज्ञ, सर्वेश्वरका रूपमा चित्रण गरिएको छ (उपाध्याय, सन् १९९६, पृ.१५) । यसरी उपाध्यायले उपनिषद्हरूमा ईश्वरलाई विश्वब्रह्माण्डका कर्ता, सबै विद्याहरूबाट सुसज्जित, ज्ञानमय, जीव र जगत्का प्राण, सत्य र सर्वज्ञ सबैले ईश्वर वा परमसत्ता मानेको बताउँदै ईश्वर सगुण, साकार रहेको स्पष्ट सङ्केत पाइने बताएका छन् । गीतामा ईश्वरलाई अजन्म तत्त्व, अविनाशीस्वरूप, सम्पूर्णप्राणीका ईश्वर, अधर्मका विनाशक, सज्जनको रक्षा गर्ने, दुष्टजनहरूको नाश गर्ने विविध रूपमा धर्तीमा प्रकट हुनसक्ने परमतत्त्वका रूपमा चिनाइएको छ। (४. ६/७/८, पृ. ३३) । यसरी नै गीताले ईश्वरलाई दिव्य, निर्मल, अलौकिक, पवित्र, दिव्य चक्षुद्वारामात्र देख्न सकिने, ऐश्वर्यवान् तत्त्वका रूपमा स्थापन गरेको छ (११-७/८/९/१०, पृ.१४१) । व्यासको ब्रह्मसूत्रमा 'जन्माद्यस्य यतः' जस्ता सूत्रमा विश्वको उत्पत्ति, स्थिति र प्रलय गर्ने तत्त्वका रूपमा ईश्वरलाई चिनाइएको छ। यसरी नै वेदादि शास्त्रहरूले स्तुति गर्न योग्य, नित्य, सत्य, अविनाशी शक्तिका रूपमा ईश्वरलाई स्थापन गरिएको छ (ब्रह्मसूत्र, १/१/ २) । यसरी वेद, उपनिषद्, गीता र ब्रह्मसूत्रले ईश्वरलाई विराट् पुरूष, ज्ञानमय, सर्वेश्वर, अविनाशी, सृष्टि, स्थिति र संहारकर्ता, सम्पूर्ण प्राणीको आश्रयस्थलका रूपमा चिनाएका छन् ।

वेदान्त दर्शनका व्याख्याताहरूले ईश्वरसम्बन्धी विशद् विमर्श गरेको देखिन्छ। अद्वैतवादी शङ्कराचार्यले ईश्वर नै एक अखिल सत्य, सूक्ष्म ज्ञान, चेतना, विराट् तत्त्व हो, जीवको परमआश्रय र जगत्को आधार पनि ईश्वर हो भनेका छन् । भिक्षुले विवेकानन्द आदि विद्वान्हरूले जीव र जगत्लाई एकत्वमा मिलाउन सक्ने सामर्थ्यले युक्त ज्योतिर्मय, कल्याणकारी, व्यापक र निर्गुण तत्त्व ईश्वर हो भनेर ईश्वरलाई निर्गुण मानेको बताएका छन् (भिक्षु, २०७७, पृ.४७९) । यसरी नै राममूर्तिले शङ्कराचार्यले ईश्वरलाई निर्गुण तत्व स्वीकार गरेका छन् । रामानुजाचार्यका अनुसार ईश्वर अन्तर्यामी भएकाले समस्त सृष्टिको नियन्ता एवम् लोकरक्षक हो । उनका अनुसार परमकारुणिक ईश्वर लोककल्याण हेतु गृह, ग्राम, नगर, पर्वत, मूर्ति आदिमा विशेष रूपमा रहेका छन्, ईश्वरको स्वरुप देश, कालको बाधाले रहित छ, ईश्वर 'शेषी' हो भने जीव 'शेष' हो, ईश्वर र जीवमा सेवक र स्वामीको सम्बन्ध छ भन्ने रामानुजको निष्कर्ष छ (शर्मा, सन् १९७२, पृ.२५९) । आचार्य मध्वका अनुसार ईश्वर सर्वज्ञ, सर्वशक्तिमान्, स्रष्टा, ईश्वर जीव र जगत्को शासक हो । उनका अनुसार जगत्को उत्पत्ति, स्थिति, संहार, नियमन, ज्ञान, आवरण, बन्ध र मोक्षका कर्ता ईश्वर हुन् । साकार, सगुण ईश्वर अनन्त र पूर्ण, सत्य छन् भन्ने मध्वको निष्कर्ष छ (शर्मा, सन् १९७२, पृ.२७८) । आचार्य निम्बार्कका अनुसार ईश्वर अशेष ज्ञान, बल, कल्याण, गुणको निधान एवम् अविद्या आदि समस्त दोषरहित छन्, नारायण रूप ईश्वर समस्त जगत्मा व्याप्त छन् । उनका अनुसार ईश्वर उपादान कारण र निमित्त कारण पनि हुन् , लोकरक्षार्थ ईश्वर विविध रूपमा अवतरण हुने निम्बार्कको निष्कर्ष छ (शर्मा, सन् १९७२, पृ.३६०) । बल्लभाचार्यका अनुसार ईश्वर सर्वज्ञ, मायारहित शुद्ध, सृष्टिकर्ता, सर्वशक्तिमान् छन्,

सर्वगुण सम्पन तथा सच्चिदानन्द स्वरूप, लीलारूपी कृष्ण नै ईश्वर हुन् । उनका अनुसार ईश्वरलाई ज्ञान र भक्तिले प्राप्त गर्न सकिन्छ तथा ईश्वरले मुक्ति दिन्छन् भन्ने उनले स्वीकार गरेका छन् (शर्मा, सन् १९७२, पृ. ३८०) । चैतन्य महाप्रभुका अनुसार ईश्वर सृष्टिकर्ता, जीवका नियन्ता, सगुण, साकार, अविद्यारहित, विष्णुशक्ति हुन् । ईश्वर वात्सल्य, दयाभावले युक्त, सत्य, मातृ, पितृस्वरूप, शुद्धभक्तिले प्राप्त गर्न सकिने छन् भन्ने महाप्रभुको निष्कर्ष छ (शर्मा, सन् १९७२, पृ. २९०) । यसरी वेदान्त दर्शनका अध्येताहरूले ईश्वरलाई परमसत्ता, परमात्मा, सर्वज्ञ र सगुण साकार रूपमा स्थापित गरेका छन् ।

## ५. 'वैराग्य' कविताको विश्लेषण

माधवप्रसाद घिमिरेको 'वैराग्य' शास्त्रीय छन्दमा रचना गरिएको कविता हो । यो कवितामा वेदान्त दर्शन प्रतिपाद्य सगुण, साकार र निर्गुण निराकार ईश्वरमध्ये सगुण, साकार ईश्वरलाई केन्द्रमा राखिएको छ । यस कवितामा रामरूप ईश्वरलाई मूल विषयवस्तु बनाई उनैको महिमागान गरिएको छ । कविले कवितामा सगुण, साकार रामरूपी ईश्वरले नै संसारको सृष्टि गरेको बताएका छन् । यसरी नै कविले कवितामा संसारको पालन पनि उनै ईश्वरले नै गर्ने भाव व्यक्त गरेका छन् । घिमिरेले विश्वब्रह्माण्डको संहार गर्ने काम पनि रामरूप ईश्वरको रहेको विचार कवितामा प्रस्तुत गरेका छन् । कविले कवितामा मनुष्यादि जीवका दुःखनाशक तथा फलदाता पनि ईश्वर भएको विचार दिएका छन् । उनले यस कवितामा मनुष्यादि जीवका लागि ज्ञानको स्रोत पनि रामरूप ईश्वर भएको बताएका छन् । कविले कवितामा सगुण, साकार रामरूप ईश्वरको आश्रयमा विश्वब्रह्माण्ड रहेको दार्शनिक चिन्तन प्रस्तुत गरेका छन् ।

### ५.१ सृष्टि, स्थिति र संहारकर्ताका रूपमा ईश्वर

कवि माधवप्रसाद घिमिरेको पहिलो नवमञ्जरी कवितासङ्ग्रहमा सङ्गृहीत 'वैराग्य' कवितामा सगुण, साकार ईश्वर चिन्तन पाइन्छ । कविले यस कविताको मुख्य विषयवस्तु सगुण, साकार ईश्वरलाई बनाएका छन् । वैराग्य भनेको मनुष्यादि जीवात्माले सांसारिक बन्धन र विषयवासनासँग निकट रहेको जीवनबाट विरक्ति वा दिग्दार भएर ईश्वरप्राप्तिमा लाग्ने अवस्था हो । घिमिरेले वैराग्य प्राप्त भएपछि नै मनुष्यादि जीव विश्वब्रह्माण्डको परमसत्ता ईश्वरप्रति समर्पित हुने कुराको सङ्केत कवितामा गरेका छन् । उनले संसारको मूलतत्त्व सगुण, साकार ईश्वर राम नै रहेको कुरा 'वैराग्य' कवितामा स्वीकार गरेका छन् । कवि घिमिरेले विश्वब्रह्माण्डरूपी संसारको सृष्टि, पालन र संहार उनै ईश्वरले गर्ने विचार यस कवितामा प्रस्तुत गरेका छन् । घिमिरेले संसारको सृष्टि, स्थिति र संहारकर्ता सगुण, साकार ईश्वर राम नै भएको कुरालाई 'वैराग्य' कवितामा यसरी प्रस्तुत गरेका छन्, जस्तै :

सृष्टि स्थिति प्रलयकारक दुःखनाशी
सर्वज्ञ सर्व - भव- भञ्जन हृत्प्रकाशी ॥
श्रीरामको मनविषे नगरे विचार
यो जन्म व्यर्थ उडिगो म भएँ उजार ॥ (घिमिरे, १९९४, पृ. ६)

प्रस्तुत पद्यमा कवि घिमिरेले सगुण, साकार ईश्वर रामले नै विश्वब्रह्माण्डरूपी संसारको सृष्टि गर्ने बताएका छन् । यसरी नै घिमिरेले कवितामा विश्वब्रह्माण्डरूपी संसारको पालन पनि उनै ईश्वरले नै गर्ने विचार प्रस्तुत गरेका छन् । कविले यस कवितामा विश्वब्रह्माण्डरूपी संसारको संहारकर्ता पनि सगुण, साकार ईश्वर राम भएको भाव व्यक्त गरेका छन् । कविले कवितामा मनुष्यादि जीवका सम्पूर्ण प्रकारका दुःखविनाशक पनि उनै ईश्वर भएको स्वीकार गरेका छन् । उनले कवितामा विश्वब्रह्माण्डरूपी संसारलाई पूर्ण रूपमा जान्ने उनै सर्वगुण सम्पन्न, सर्वज्ञ ईश्वर राम नै विचार व्यक्त गरेका छन् । घिमिरेले यस कवितामा सगुण, साकार ईश्वरलाई विश्वब्रह्माण्डरूपी संसारलाई पूर्ण रूपमा जान्ने तत्वका रूपमा प्रस्तुत गरेका छन् । कविले संसारका दुःख, कष्टलाई हटाएर संसारलाई  ज्योतिर्मय उज्यालो प्रकाश दिने पनि श्रीरामरूप ईश्वर हुन् भन्ने चिन्तन कवितामा दिएका छन् । घिमिरेले सगुण, साकार दिव्य रूपले सुसज्जित श्रीराम भगवान्‌लाई मनुष्यादि जीवले मनमा धारण गर्नुपर्ने कुरा कवितामा बताएका छन् । कविले श्रीराम ईश्वरलाई मनमा धारण नगर्ने हो भने मनुष्यहरूको जन्म उजाड र व्यर्थ हुने कुरा कवितामा प्रस्तुत गरेका छन् । कविले कवितामा संसारको सृष्टि, स्थिति र संहारकर्ता, मनुष्यादि जीवका दुःखमोचनकर्ता, सबै प्राणधारी जीवका आत्माका प्रकाश, जीवको जीवनलाई उचित मार्गमा लाग्न प्रेरित गर्ने परमतत्त्व सगुण, साकार राम भगवान् नै भएको विचार दिएका छन् । राममूर्ति शर्माले पुरुषसूक्त अन्तर्गतको सहस्र शिर वाला, अनन्त चक्षु, अनन्त चरणले सुसज्जित पुरुष नै ईश्वर रहेको बताएका छन् साथै परमेश्वर सर्वज्ञ, सर्ववित्, ज्ञानमय, तपवान्, जगत्को नाम, रूप एवम् अन्नादिका स्रष्टा हुन् र ब्रह्मका स्रष्टा, लोकरक्षक, नियन्ता हुन् तथा माया, प्राण, शरीरवान्, प्रकाशमय रूप ईश्वरको सगुण, साकार रूप हो भनेका छन् (शर्मा, सन् १९७२, पृ . १९७) । घिमिरेको यस कवितामा पनि श्रीरामरूप ईश्वर सर्वज्ञ, सर्ववित्, ज्ञानमय, मनुष्यादि जीवका सृष्टिकर्ता, लोकका संरक्षणकर्ता, समस्त मनुष्यादि जीवका भाग्यदाता र फलदाता, दिव्य, वात्सल्य गुणले युक्त, ज्योतिर्मय रहेको चिन्तन पाइन्छ ।

कवि घिमिरेले मनुष्यादि जीवले पारिवारिक र सांसारिक मायाजालबाट अगाडि बढेर सगुण, साकार ईश्वरलाई हृदयमा सजाउनु पर्ने कुरा यस वैराग्य कवितामा प्रस्तुत गरेका छन् । कविले मनुष्यादि जीवका जीवनकर्ता रामरूपी ईश्वर रहेको कुरा यस कवितामा बताएका छन् । कविले कवितामा विश्वब्रह्माण्डरूपी संसारका मनुष्यादि जीवका भरणपोषणकर्ता रामरूप ईश्वर भएको विचार कवितामा व्यक्त गरेका छन् । उनले संसारका मनुष्यादि जीवको भरणपोषण उनै सगुण, साकार रामरूपी ईश्वरले गर्ने विचार ‘वैराग्य’ कवितामा यसरी प्रस्तुत गरेका छन्, जस्तै :

स्त्री, पुत्र, वान्धव, समस्त चटक्क छाडि
मेरो निवास परलोक भए ( ? ) पछाडि ॥
खानै नपाइकन मर्छन के?, म आज
भूलीरहेछू यिनकै गरि काम - काज ॥  घिमिरे, (१९९४, पृ. ६ )

प्रस्तुत पद्यमा कवि घिमिरेले सम्पूर्ण मनुष्यादि जीवको उत्तम भरणपोषणकर्ता सगुण साकार ईश्वर राम रहेको बताएका छन् । कविले जीवले आफ्ना परिवार र बन्धुवान्धवको भरणपोषणकर्ता आफू भएको ठान्ने गर्छ

तर परिवार र वन्धुवान्धवरूपी सांसारिक मायाजाललाई छोडेर गए पनि समस्त जीवको भरणपोषण परमात्मा रूप ईश्वरले गर्ने विचार यस कवितामा दिएका छन् । घिमिरेले सांसारिक मायाजालमा फसेर, उनीहरूकै कामकाजमा लिप्त भएर ईश्वरलाई भुल्न नहुने विचार कवितामा प्रस्तुत गरेका छन् । कविले मनुष्यले आफू नै आफ्नो परिवार र बन्धुबान्धवको भरणपोषणकर्ता हुँ भन्ने भ्रमबाट मुक्त हुनु पर्ने र ईश्वरबाट नै यो सबै सम्भव भएको हो भन्ने आत्मज्ञान लिएर जीव सत्कार्यमा लाग्नु पर्ने विचार कवितामा दिएका छन् । कवि घिमिरेले यस कवितामा सम्पूर्ण संसारका जीवको उत्तम भरणपोषण परमात्मास्वरूप सगुण साकार ईश्वरले गर्ने स्वीकार गरेका छन् ।

कविले यस वैराग्य कवितामा सम्पूर्ण लोकको तथा मनुष्यादि जीवको पालन तथा संहार उनै सगुण, साकार रामरूप ईश्वरले गर्ने विचार प्रस्तुत गरेका छन् । घिमिरेले कवितामा सम्पूर्ण संसारलाई सबै वस्तुको व्यवस्था उनै ईश्वरले गर्ने बताएका छन् । कविले मनुष्यादि जीव संसारलाई छाडेर एक्लै जान्छ, त्यसैले दुष्कर्मलाई छोडेर सत्कर्मतर्फ लाग्नुपर्छ, सत्कर्मबाटै मनुष्य जन्म सफल र पूर्ण हुन्छ साथै कुबुद्धि छोडेर सुबुद्धि प्राप्त गर्नका लागि पनि सगुण, साकार ईश्वर श्रीरामको चरणमा पर्नु पर्ने दार्शनिक मत 'वैराग्य' कवितामा दिएका छन् । घिमिरेले कवितामा ईश्वरलाई पालनकर्ता र संहारकर्ताका रूपमा प्रतिष्ठित गराएका छन् । कविले यस 'वैराग्य' कवितामा ईश्वर विमुख कर्म गर्ने मनुष्यादि जीवलाई रामरूपी ईश्वरले संहार गर्ने कुरा यसरी प्रस्तुत गरेका छन्, जस्तै :

> हस्ती, कुरङ्ग, अलि, मत्स्य, पतङ्ग, हाय !
> एकेक इन्द्रिय विषे भुलि निःसहाय ॥
> त्यै कर्मबाट उनको गति भो विलोम
> पाचै महा भुलदछू झन एकलो म ॥ (घिमिरे, १९९४, पृ. ७)

प्रस्तुत पद्यमा कविले रामरूपी ईश्वर मनुष्यादि जीवका पालक र संहारक भएको विचार प्रस्तुत गरेका छन् । कविले कवितामा हात्तीले स्पर्शको लोभमा परेर, मृग वा हरिणले शब्दको मोहजालमा परेर, भ्रमरले सुगन्धित रसको लोभमा परेर, माछाले गन्धको लोभमा परेर र पुतलीले अग्नि वा उज्यालोको लोभमा परेर आफ्नो जीवनलाई बर्बाद पारेको, सहाराविहीन बनको र जीवन प्रतिकूल बनाएको उदाहरण दिएका छन् । घिमिरेले कवितामा यिनै जीवबाट शिक्षा प्राप्त गरी मनुष्यले इन्द्रियलाई वशमा राखी रूप, रस, गन्ध, स्पर्श, शब्द जस्ता तत्त्वबाट टाढा रही जीवनलाई सार्थक बनाउन सगुण, साकार ईश्वर श्रीरामको शरणमा पर्नुपर्ने बताएका छन् । कविले यस कवितामा इन्द्रियलाई वशमा राख्न नसक्दा नै मनुष्यादि जीवात्माले दुःखरूपी नारकीय जीवनलाई अवलम्बन गर्न विवस हुनु पर्ने कुरालाई विविध सन्दर्भबाट प्रस्तुत गरेका छन् । घिमिरेले कवितामा मनुष्यादि जीवले उत्तम कर्म गरे ईश्वरले पालनपोषण गर्ने नत्र संहार गर्ने विचार प्रस्तुत गरेका छन् । यसरी कविले यस कवितामा सगुण, साकार ईश्वर राम मनुष्यादि जीवको पालनपोषण र संहारकर्ता भएको भाव व्यक्त गरेका छन् ।

### ५.२ दुःखनाशक, ज्ञानको स्रोत र उपासनाको विषयका रूपमा ईश्वर

कवि माधवप्रसाद घिमिरेको 'वैराग्य' कवितामा सगुण, साकार ईश्वरलाई दुःखनाशकका रूपमा प्रस्तुत गरिएको छ । कविले यस कवितामा जीव सांसारिक मायाजालमा फस्छ, विषयवासनामा बाँधिन्छ र विविध प्रकारका दुःखकष्टलाई भोग्न पुग्छ भन्ने सङ्केत गरेका छन् । घिमिरेले कवितामा सांसारिक जीवलाई पति, पत्नी, छोरा, छोरी, बुहारी, आफन्त आदिबाट सुखभन्दा बढी दुःख प्राप्त हुन्छ भन्ने दार्शनिक भाव प्रस्तुत गरेका छन् । कविले जीव जब सांसारिक दुःखसागरमा पर्छ तब मात्र दुखनाशक सगुण, साकार ईश्वरको शरणमा पर्छ भन्ने विषयलाई कवितामा व्यक्त गरेका छन् । घिमिरेले कवितामा समस्त मनुष्यादि जीवका दुःखकष्टलाई नाश गर्न सक्ने उनै रामरूप ईश्वर रहेको विचार 'वैराग्य' कवितामा यसरी प्रस्तुत गरेका छन्, जस्तै :

पाईन नाथ! गहना भनि कर्कराई
नारी रुँदीछ अरुका गहना दिखाई ॥
छोरो बुहारि सँगमा लिइ गालि गर्छ
के गर्नु हाय! अब के गरी दुःखटर्छ ॥ (घिमिरे, १९९४, पृ. ६)

प्रस्तुत पद्यमा कवि घिमिरेले सांसारिक मायाजाल र विषयवासनामा रुमलिएको मनुष्यादि जीवात्माले दुःखलाई वरण गर्नु पर्ने बताएका छन् । कविले सांसारिक, पारिवारिक जीवनमा पतिलाई पत्नीले, पत्नीलाई पतिले, आमाबुबालाई छोराछोरी, बुहारी र नातिनातिनीले विविध किसिमले दुःख दिने कुरालाई कविले एउटा जीवको पारिवारिक वातावरणलाई प्रस्तुत गर्दै कवितामा व्यक्त गरेका छन् । यसरी कविले यस पद्यमा यस संसारलाई दुःखसागरका रूपमा चित्रण गरेका छन् । घिमिरको यस कवितामा जीवले परिवार र आफन्तजनबाट सुख पाइन्छ भन्ने आशा गर्नु नै संसारमा दुःखको प्रमुख कारण रहेको भाव प्रस्तुत भएको छ । उनले रामरूप ईश्वरमा दुखनाश गर्ने गुण विद्यमान रहेको सङ्केत कवितामा गरेका छन् । कविले जब मनुष्यादि जीव सांसारिक दुःखबाट पार नपाएर प्रताडित हुन्छ तब मात्र दुःखनाशक ईश्वरलाई सम्झन पुग्छ भन्ने विचार कवितामा व्यक्त गरेका छन् । उनले यस कवितामा मनुष्यादि जीवका सबै प्रकारका दुःखलाई उनै सगुण, साकार रामरूप ईश्वरले नै नाश गर्ने दार्शनिक चिन्तन प्रस्तुत गरेका छन् ।

कवि माधवप्रसाद घिमिरेको वैराग्य कवितामा ईश्वर मनुष्यादि जीवका लागि सर्वोच्च ज्ञानको स्रोत रहेको विचार प्रस्तुत भएको छ । कविले यस कवितामा जीवात्माले उत्तम ज्ञान ईश्वरबाट नै प्राप्त गर्ने कुरा प्रस्तुत गरेका छन् । घिमिरेले जीवात्माले आफूभित्र भएको घमण्डलाई त्यागेर निर्मल ज्ञान प्राप्तिमा लाग्नु पर्ने भाव कवितामा व्यक्त गरेका छन् । कविले मनुष्यादि जीवका लागि उत्तम ज्ञानको स्रोत सगुण, साकार ईश्वर राम भएको विचार 'वैराग्य' कवितामा यसरी प्रस्तुत गरेका छन्, जस्तै :

बाजे जिजू प्रभृतिबाट बुझिन्छ खास
जन्मे कती कति भए भवमा विनाश ॥
पक्का छ यो तर पनी चिरकाल सम्म
वाचीरहन्छु मत ?, भन्दछु हा ! अचम्म ॥ (घिमिरे, १९९४, पृ. ७-८)

प्रस्तुत पद्यमा कवि घिमिरेले मनुष्यादि जीवात्मा आफूभित्र विद्यमान् अहङ्कारले गर्दा ईश्वरबाट प्राप्त हुने निर्मल ज्ञान प्राप्त गर्न चुकिरहेको विचार प्रस्तुत गरेका छन् । कविले कवितामा जीवले ईश्वरबाट प्राप्त हुने निर्मल, ज्योतिर्मय ज्ञान प्राप्त गरी आफ्नो जीवनलाई सफल बनाउनु पर्ने भाव व्यक्त गरेका छन् । घिमिरेले आफ्ना पूर्वजहरूले यस धर्तीमा जन्म लिएर पनि जीवनलाई सफल बनाउने ईश्वरको शरणमा परी प्राप्त गर्न सकिने ज्योतिर्मय ज्ञानलाई ग्रहण नगरेर जीवन वर्वाद पारेको कुरालाई बुझेर जीव ज्ञानको प्राप्तिमा लाग्नु पर्छ भन्ने विचार कवितामा दिएका छन् । कविले कवितामा यस धर्तीमा जन्म लिने कोही पनि जीव अजम्बरी छैनन्, त्यसैले समय हुँदै जीवात्माले जीवनलाई धन्य बनाउने ज्ञान ईश्वरको शरणमा गएर प्राप्त गर्नुपर्छ भन्ने विचार प्रस्तुत गरेका छन् । घिमिरेले सगुण, साकार रामरूपी ईश्वरको शरणमा परी निर्मल, आत्माका कल्मसलाई पखाल्न सक्ने ज्ञानलाई ग्रहण गर्ने जीवको जीवन सफल हुने अन्यथा जीवको जीवन असफल बन्ने कुरा कवितामा बताएका छन् । कविले जीवात्माले म चिरकालसम्म बाँचिरहन्छु भन्ने भ्रमबाट मुक्त भएर ज्ञान प्राप्त गर्नुपर्ने र जीवनलाई सार्थक बनाउनु पर्ने भाव कवितामा व्यक्त गरेका छन् । यसरी कविले जीवका लागि ज्ञान नै महान् प्राप्य वस्तु हो र त्यसको सर्वोच्च स्रोत सगुण, साकार रामरूपी ईश्वर रहेको कुरा कवितामा स्वीकार गरेका छन् ।

कवि माधवप्रसाद घिमिरेले वैराग्य कवितामा ईश्वरलाई जीवको उपासनाको विषयका रूपमा प्रस्तुत गरेका छन् । कविले सगुण, साकार रामरूपी ईश्वरको उपासना गरेर जीवले आफ्नो जीवन सफल बनाउन सक्ने विचार कवितामा व्यक्त गरेका छन् । कविले जीवले व्यर्थमा आफ्नो अमूल्य जीवन खेर नफालीकन आफूभित्र विद्यमान अहङ्कारलाई त्यागेर सर्वेश्वर, प्रकृतिनायक ईश्वरको सेखी नगरी उनबाट वैराग्य प्राप्त गरी जीवनलाई मुक्त बनाउन सगुण, साकार श्रीरामरूप ईश्वरकै उपासना पर्नुपर्ने ईश्वरीय दार्शनिक मत यस 'वैराग्य' कवितामा यसरी प्रस्तुत गरेका छन्, जस्तैः

> सर्वेश्वर प्रकृतिनायक देव देखी
> वैराग्य- दान गरि पाउ हटाइ शेखी ॥
> के गर्नु व्यर्थ मनमा पछितो विलाप
> वस्नु छ बाँकि वनमा गई चूप-चाप ॥ (घिमिरे, १९९४, पृ. ८)

प्रस्तुत पद्यमा कवि घिमिरेले ब्रह्माण्डनायक सगुण, साकार रामरूपी सर्वेश्वरले नै वैराग्य दान दिने हुनाले मनुष्यादि जीवले ईश्वरको सेखी नगरी उपासना गर्नु पर्ने बताएका छन् । कविले कवितामा श्रीराम रूप ईश्वरको उपासनाबाट नै जीवलाई वैराग्य प्राप्त हुने विचार व्यक्त गरेका छन् । कविले जीवात्माले आत्मामा सांसारिक कुराको पछुतो र विलाप नगरी एकान्त वनमा गएर उनै ईश्वरको ध्यान, उपासना गरी जीवन सार्थक बनाउनु पर्ने कुरा कवितामा सङ्केत गरेका छन् । उनले कवितामा मनुष्यादि जीवले व्यर्थमा गर्ने पछुतो र विलाप नै उसको जीवनको अधोगतिको कारक भएको पनि सङ्केत गरेका छन् । घिमिरेले यस कवितामा जीवका लागि परमात्मा, कल्याणकारक, लोकका संरक्षक, लोकका नायक, विश्वब्रह्माण्डका आश्रयस्थल श्रीरामरूपी ईश्वर नै उपासनाको उत्तम विषय रहेको स्वीकार गरेका छन् । उनले श्रीरामरूपी ईश्वरको उपासना गर्ने मनुष्यादि जीवको सर्म्पूण मनोकामना ईश्वरबाट पूरा हुने भाव कवितामा व्यक्त गरेका छन् । कविले यस

कवितामा जीवले सांसारिक मायाजालबाट मुक्त भई जीवनलाई सार्थक बनाउने प्रमुख तत्त्व सगुण, साकार श्रीराम रूप ईश्वर रहेको र जीवले ईश्वरको उपासना गरेर नै आफ्नो जीवनलाई मुक्त बनाउन सक्ने विचार प्रस्तुत गरेका छन् । समग्रमा कविले यस कवितामा सगुण, साकार ईश्वर राम नै जीवका लागि उपासनाको विषय रहेको भाव व्यक्त गरेका छन् ।

### ६. ईश्वर र जीवको सम्बन्ध

कवि माधवप्रसाद घिमिरेको 'वैराग्य' कवितामा ईश्वर र जीवका बिचमा सम्बन्ध देखाइएको छ। वेदान्त दर्शनले ईश्वर र जीवको सम्बन्धलाई विशद् रूपमा प्रस्तुत गरेको छ। राममूर्तिले वेदान्त दर्शनका विद्वान् आचार्य शङ्करले जीवलाई ईश्वर अभिन्न मानेको बताएका छन्। यसरी नै उनले रामानुजाचार्यले ईश्वर 'शेषी' एवम् जीव 'शेष' र ईश्वर 'स्रष्टा' एवम् जीवलाई 'भोक्ता' भनेको बताएका छन्। रामूर्तिले रामानुजाचार्यले जीवका बद्ध, मुक्त एवम् नित्य गरी तीन रूप मानेको भनेका छन् (शर्मा, १९७२, पृ. २५२)। रामानुजाचार्यले जीवका तीन भेद मध्ये बद्ध जीवले अज्ञान एवम् स्वार्थका कारण संसारमा बारम्बार जन्म लिने सङ्केत गरेको कुरा राममूर्तिले उल्लेख गरेका छन्। यसरी नै उनले ब्रह्मादेखि लिएर कीटपर्यन्त जीवका देव, मनुष्य, तिर्यक् एवम् स्थावर चार भेद रहेको स्वीकार गरेको कुरा राममूर्तिले बताएका छन्। घिमिरेको यस वैराग्य कवितामा पनि ईश्वरलाई 'शेषी' रूपमा प्रतिष्ठित गरिएको छ भने जीवलाई 'शेष' का रूपमा स्थापित गरिएको छ। यसरी नै मनुष्यादि जीवलाई अज्ञानका कारण संसारमा बारम्बार जन्म लिने वस्तुका रूपमा देखाइएको छ। घिमिरेले कवितामा ईश्वरलाई मनुष्यादि जीवको शासकका रूपमा देखाउँदै जीव सांसारिक बन्धनमा फस्ने तर ईश्वर यसबाट टाढा रहेको बताएका छन् र जीव सांसारिक बन्धनबाट मुक्त बनेर ज्ञानको प्राप्तिमा पुगेपछि संसारबाट मुक्ति मिल्ने बताएका छन्। कविले कवितामा जीवको आश्रयस्थल पितारूपी सगुण, साकार ईश्वर राम रहेको विचार प्रस्तुत गरेका छन्। यसरी घिमिरेको यस कवितामा ईश्वर र जीवका बिचमा गहिरो आत्मिक सम्बन्ध रहेको स्वीकार गरिएको छ।

### ७. निष्कर्ष

माधवप्रसाद घिमिरेको 'वैराग्य' कवितामा वेदान्त दर्शनसम्बन्धी सगुण, साकार ईश्वर चिन्तनको अभिव्यक्ति भएको छ। घिमिरेले यस कवितामा ईश्वरलाई विश्वब्रह्माण्डरूप संसारको सृष्टिकर्ता, मनुष्यादि समस्त जीवका भरणपोषणकर्ता तथा संहारकर्ताका रूपमा प्रस्तुत गरेका छन्। कविले कवितामा समस्त मनुष्यादि जीवका समस्त दुःखकष्टलाई हटाउने दुःखनाशक, जीवमा विद्यमान् आलस्य, मायामोह, बिषयवासना, घमण्डलाई हटाएर सत्मार्गमा लाग्न प्रेरित गर्ने परमतत्त्व सगुण, साकार ईश्वर राम नै रहेको विचार कवितामा प्रस्तुत गरेका छन्। कवि घिमिरेले मनुष्यादि जीवलाई असत् कर्म गर्नबाट रोक्ने र सत्कर्मद्वारा आनन्दका साथ जीवन बिताई अन्त्यमा भवरूपी संसारबाट मुक्ति प्रदान गर्ने परमतत्त्वका रूपमा श्रीराम ईश्वरलाई कवितामा प्रस्तुत गरेका छन्। उनले कवितामा ईश्वरलाई पिता र जीवलाई वालकका रूपमा प्रस्तुत गरेका छन्। घिमिरेले मनुष्यादि जीवको अन्तिम गन्तव्यस्थल श्रीराम ईश्वरको चरण भएकाले मनुष्यादि जीवले सांसारिक जीवनबाट मुक्त बनी उनै प्रार्थना गर्न योग्य तत्त्व सगुण साकार ईश्वरको ध्यान, भजन र उपासना

गरी आफ्नो जीवनलाई सफल र सार्थक बनाउनु पर्ने कुरा यस वैराग्य कवितामा प्रस्तुत वेदान्त दर्शनसम्बन्धी ईश्वर चिन्तन हो । यसरी घिमिरेले यस कवितामा सगुण, साकार ईश्वर श्रीरामलाई विषयवस्तु बनाई उनी विश्वब्रह्माण्ड र मनुष्यादि जीवका सृष्टिकर्ता, पालनकर्ता, दुःखनाशक, जीवका लागि ज्ञानको परमस्रोत, उपासनाको विषय रहेको वेदान्त दर्शनपरक सफल दार्शनिक अभिव्यक्ति दिएका हुनाले उनी सफल दार्शनिक कवि रहेका छन् ।

(यस लेख दर्शनाचार्य-विद्यावारिधि तहको 'माधवप्रसाद घिमिरेका कवितामा वेदान्त दर्शन' शीर्षकमा गरिएको शोधकार्यमा आधारित रहेको छ । यस कार्यका लागि अनुदान आयोगले उपलब्ध गराएको पूर्ण विद्वत्वृत्तिको मेरो अवार्ड नं. MPhil-78/79-H&S-10 हो । यसका लागि पूर्ण विद्वत्वृत्ति उपलब्ध गराई सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, संस्थाका पदाधिकारी र सदस्यहरूप्रति म विशेष आभार प्रकट गर्छु । साथै आगामी दिनमा पनि यस संस्थाबाट म अध्ययन तथा अनुसन्धानमा यस्तै सहयोगको अपेक्षा समेत गर्दछु ।)

**सन्दर्भसामग्री सूची**

उपाध्याय, उमाशङ्कर (सन् १९९६), *उपनिषद्सत्सङ्ग्रह,* (तेस्रो संस्क.), दिल्ली : मोतीलाल पब्लिकेशन ।

घिमिरे, माधवप्रसाद (१९९४), *नवमञ्जरी,* ललितपुर : साझा प्रकाशन ।

भिक्षु, विज्ञान (२०७७), *पूर्वीय दर्शन,* काठमाडौँ : साबला प्रकाशन ।

शर्मा, राममूर्ति (सन् १९७२), *अद्वैत वेदान्त,* दिल्ली : नेशनल पब्लिकेशन ।

व्यास, (सन् १९९७), *श्रीशुक्लयजुर्वेद,* (पाँचौ संस्क.), बाराणसी, बम्बई पुस्तक भण्डार : कचौलीगली ।

व्यास, (ई.२०७१), *श्रीमद्भागवद्गीता,* (एकसय उन्नाइसौँ संस्क.), गोरखपुर : गीताप्रेस ।